## फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन

फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा गठित उपसमितिमा दफावार छलफल गरी देहायका दफाहरुमा देहाय अनुसार हुन विधायन समिति समक्ष सिफारिस गरिन्छ :-

१. फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को विधि निर्माण शुत्रमा रहेका "नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा १ को,-

(१) उपदफा (१) मा रहेका "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७१" भन्ने शव्दहरुको सट्टा "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७३" भन्ने शव्दहरु राख्ने ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) यस ऐनका दफा १७ को खण्ड (घ), (ङ), (च) र (छ) दफा २२, २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि र अन्य दफाहरु संवत् २०७५ साल भदौ १ गते देखि प्रारम्भ हुनेछन् ।"

(३) उपदफा (३) झिक्ने ।

३. विधेयकको दफा २ को,-

(१) खण्ड (क) मा रहेका "अपराध संहिता, २०७१" भन्ने शव्दहरुको सट्टा "मुलुकी अपराध संहिता, २०७३" भन्ने शव्दहरु राख्ने ।

(२) खण्ड (ज) मा रहेका "फौजदारी कार्यविधि संहिता, २०७१" भन्ने शव्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७३" भन्ने शव्दहरु राख्ने ।

(३) खण्ड (ज) पछि देहायको खण्ड (झ) थप्ने :-

"(झ) "समिति" भन्नाले दफा ४६ बमोजिमको सजाय सुझाव समिति सम्झनु पर्छ ।"

४. विधेयकको दफा ८ को ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

५. विधेयकको दफा ९ को उपदफाको शुरुमा "(१)" भन्ने अङ्क थप्ने ।

६. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राखी सोही उपदफाको ठाउँ ठाउँमा रहेको "पर्छ" भन्ने शब्दको सट्टा "पर्नेछ" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

७. विधेयकको दफा १२ को,-

(१) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(२) उपदफा (६) मा रहेको "बमोजिको" शब्दको सट्टा "बमोजिमको" भन्ने शब्द राख्ने ।

८. विधेयकको दफा १४ को खण्ड (ङ) को शुरुमा "कसूरको अनुपातमा" भन्ने शब्दहरु थप्ने ।

९. विधेयकको दफा १५ को उपदफा (२) को,-

(१) खण्ड (क) को स्पष्टीकरण झिक्ने ।

(२) खण्ड (क) पछिका खण्ड क्रम मिलाउने ।

(३) साविकको खण्ड (घ) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (ङ) को ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१०. विधेयकको दफा १६ को उपदफा (२) को शुरुमा "सोह्र वर्ष उमेर पुरा नभएका" भन्ने शब्दहरु थप्ने ।

११. विधेयकको दफा १७ को सट्टा देहायको दफा १७ राख्ने :-

"१७. सजाय निर्धारण गर्दा खुलाउनु पर्ने कुराहरु : यस ऐन बमोजिम सजाय निर्धारण गर्दा फैसला वा आदेशमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) सजाय गर्नु पर्ने कारण,

(ख) जरिबानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरिबानाको रकम, जरिबाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरिबाना नतिरे बापत हुन सक्ने कैद सजाय,

(ग) कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति,

(घ) सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय,

(ङ) सुधार गृह वा पुनर्स्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,

(च) कसूरदारलाई प्यारोलमा छोड्न सकिने वा नसकिने,

(छ) कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,

(ज) क्षतिपूर्ति तिर्नु पर्ने भए क्षतिपूर्तिको रकम, तिर्नु पर्ने अवधि, तरिका र नतिरेमा हुन सक्ने सजाय,

(झ) दफा २४ को उपदफा (५) बमोजिम बालबालिकाको हकमा शर्त तोकी सजाय निलम्बन भएकोमा त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,

(ञ) अदालतले उपयुक्त ठानेको अन्य आवश्यक कुरा ।"

१२. विधेयकको दफा १८ को उपदफा (२) को खण्ड (छ) मा रहेका "सो संस्थाको आकार र" भन्ने शब्दहरुको सट्टा "त्यस्तो संस्थाको आर्थिक हैसियत र" भन्ने शब्दहरु राख्ने ।

१३. विधेयकको दफा २० को उपदफा (२) मा रहेका "सो बापत" भन्ने शब्दहरुको सट्टा "त्यस बापत" भन्ने शब्दहरु र "सो रकम" भन्ने शब्दहरुको सट्टा "त्यस्तो रकम" भन्ने शब्दहरु राख्ने ।

१४. विधेयकको दफा २२ को,-

(१) उपदफा (३) को खण्ड (छ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (९) मा रहेको "समुदायिक" भन्ने शब्दको सट्टा "सामुदायिक" भन्ने शब्द र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१५. विधेयकको दफा २३ मा रहेको "मात्र" भन्ने शब्द झिक्ने ।

१६. विधेयकको दफा २४ को,-

(१) उपदफा (३) को,-

(क) खण्ड (घ) मा रहेको "हातहितार" भन्ने शब्दको सट्टा "हातहतियार" भन्ने शब्द राख्ने ।

(ख) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने :-

"(ञ) लागू औषधको ओसार पसार तथा कारोबार सम्बन्धी कसूर,"

(ग) खण्ड (ठ) पछि देहायका खण्ड (ड), (ढ), (ण), (त) र (थ) थप्ने :-

"(ड) सङ्गठित अपराध,

(ढ) सम्पत्ति शुद्धीकरण,

(ण) यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूर,

(त) मानवता विरुद्धको अपराध ।"

(२) उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेको "विना पारिश्रमिक" भन्ने शब्दहरुको सट्टा "निःशुल्क रुपमा" भन्ने शब्दहरु राख्ने ।

(ख) खण्ड (ङ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखी सोही खण्डमा रहेका "कैद वा जरिबाना हुने" भन्ने शब्दहरु झिक्ने ।

(ग) खण्ड (च) झिकी खण्ड क्रम मिलाउने ।

(घ) साविक खण्ड (ज) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (च) मा रहेका "कसूरदारको आवासमा नै वा" भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउने :-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बालबालिकाको हकमा सजाय निलम्बन गर्दा निजको उमेर तथा कसूर गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी देहाय बमोजिम निर्णय गर्न सकिनेछ :-

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संघसंस्था वा व्यक्तिहरुबाट बालबालिकालाई अभिमुखीकरण गर्न लगाउने

(ग) एकल, सामुहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन लगाउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरु पालना गर्ने गरी निश्चित अवधिका लागि निजहरुको संरक्षकत्वमा राख्न लगाउने ।"

१७. विधेयकको दफा २५ को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "दुई वर्ष" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१८. विधेयकको दफा २६ को,-

(१) उपदफा (१) को स्पष्टीकरणमा रहेको "दूर्व्यसनीलाई" भन्ने शब्दहरुको सट्टा "दूर्व्यसनी वा शारीरिक वा मानसिक दुर्बलताबाट पीडित कसुरदारलाई" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१९. विधेयकको दफा २७ को,-

(१) उपदफा (१) मा रहेका "सो को" भन्ने शब्दहरुको सट्टा "त्यसको" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

२०. दफा २८ को उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

२१. विधेयकको दफा २९ को,-

(१) उपदफा (१) को खण्ड (घ) पछि देहायका खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ञ) थप्ने :-

"(ङ) सङ्गठित अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(च) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएको,

(छ) यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूरमा सजाय पाएको,

(ज) मानवता विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(झ) राज्य विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको ।"

(२) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

२२. विधेयकको दफा ३० को,-

(१) उपदफा (३) मा रहेका "कति अवधि र कति समय निजले त्यस्तो काममा बिताउनु पर्ने हो सो समेत" भन्ने शब्दहरुको सट्टा "त्यस्तो काममा बिताउनु पर्ने अवधि र समय समेत" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "कार्यको" भन्ने शब्दको सट्टा "कामको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने :-

"(५) उपदफा (१) बमोजिम छोडिएको व्यक्तिले उपदफा (२) मा उल्लिखित शर्त पुरा नगरेमा वा त्यस्तो अवधिमा कुनै कसूर गरेमा निजले पून: कारागारमा नै बसी बाँकी कैद अवधि भुक्तान गर्नु पर्नेछ ।"

२३. विधेयकको दफा ३१ को,-

(१) दफा शीर्षकमा रहेको "बापत" भन्ने शब्द पछि "शारीरिक" भन्ने शब्द थप्ने ।

(२) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "कामको" भन्ने शब्द पछि "लागि शारीरिक" भन्ने शब्दहरु थप्ने ।

(३) उपदफा (२) मा रहेको "कामको" भन्ने शब्द पछि "लागि शारीरिक" भन्ने शब्दहरु थप्ने ।

(४) उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने :-

"(३) उपदफा (१) बमोजिम सार्वजनिक कामको लागि शारीरिक श्रममा लगाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२४. विधेयकको दफा ३३ को उपदफा (१) मा रहेको "आध्यात्मिक" भन्ने शव्दको सट्टा "भौतिक, आध्यात्मिक, योग तथा व्यायाम शिक्षा" भन्ने शब्दहरु राख्ने ।

२५. विधेयकको दफा ३५ मा रहेको "तीस वर्ष" भन्ने शब्दहरुको सट्टा "पच्चीस वर्ष" भन्ने शब्दहरु राख्ने ।

२६. विधेयकको दफा ३६ को,-

(१) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो सजाय" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो सजाय" भन्ने शब्दहरु राख्ने ।

२७. विधेयकको दफा ३७ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने :-

"(च) लागू औषधको ओसार पसार  तथा कारोबार सम्बन्धी कसूर,"

(२) खण्ड (च) पछि देहायका खण्ड (छ), (ज), (झ), (ञ), (ट) र (ठ) थप्ने :-

"(छ) सङ्गठित अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(ज) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएको,

(झ) यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूरमा सजाय पाएको,

(ञ) मानवता विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको ।"

२८. विधेयकको दफा ३८ को,-

(१) उपदफा (१) मा रहेको "केन्द्रीय" भन्ने शब्दको सट्टा "सङ्घीय" भन्ने शब्द राखी सो उपदफाको,-

(क) खण्ड (ख) मा रहेका "कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला" भन्ने शब्दहरुको सट्टा "कानून, न्याय तथा संसदीय मामिला" भन्ने शब्दहरु राख्ने ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने :-

"(घ) उपलब्ध भएसम्म एक जना महिला सहित सम्बन्धित मन्त्रालयले तोकेका दुई जना मनोचिकित्सक - सदस्य"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्ड क्रम मिलाउने :-

"(च) सम्बन्धित मन्त्रालयले तोकेको अपराधशास्त्री वा दण्डशास्त्री - सदस्य"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड रहनेछ :-

(क) मुख्य न्यायाधिवक्ता - अध्यक्ष

(ख) सचिव, प्रदेश कानून मन्त्रालय - सदस्य

(ग) सचिव, प्रदेश गृह मन्त्रालय - सदस्य

(घ) प्रहरी प्रमुख, प्रदेश प्रहरी - सदस्य

(ङ) उपलब्ध भएसम्म एक जना महिला सहित प्रदेश सरकारले तोकेका दुई जना मनोचिकित्सक - सदस्य

(च) प्रदेश सरकारले तोकेको अपराधशास्त्री वा दण्डशास्त्री - सदस्य

(छ) प्रदेश कारागार व्यवस्थापन सम्बन्धी निकायको प्रमुख - सदस्य-सचिव”

२९. विधेयकको दफा ३९ को,-

(१) उपदफा (१) मा रहेको “केन्द्रीय” भन्ने शब्दको सट्टा “सङ्घीय” भन्ने शब्द राखी सोही उपदफाको खण्ड (घ) मा रहेको “जिल्ला” भन्ने शब्दको सट्टा “प्रदेश” भन्ने शब्द राख्ने ।

(२) उपदफा (५) मा रहेको “जिल्ला” भन्ने शब्दको सट्टा “प्रदेश” भन्ने शव्द राख्ने ।

३०. विधेयकको दफा ४० को उपदफा (१) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

३१. विधेयकको दफा ४१ को,-

(१) उपदफा (४) मा रहेका “सो” भन्ने शब्दको सट्टा “त्यस” भन्ने शब्द राख्ने ।

(२) उपदफा (५) को ठाउँ ठाउँमा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

३२. विधेयकको दफा ४२ को उपदफा (२) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस” भन्ने शब्द राख्ने ।

३३. विधेयकको दफा ४६ को,-

(१) खण्ड (क) मा रहेका “प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश” भन्ने शब्दहरुको सट्टा “महान्यायाधिवक्ता” भन्ने शब्द राख्ने ।

(२) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राख्ने :-

“(ख) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ग) महानिरीक्षक, नेपाल प्रहरी - सदस्य”

३४. दफा ४७ को दफा शीर्षकमा रहेका “सजाय सुझाव” भन्ने शब्दहरु झिक्ने ।

३५. दफा ४८ को उपदफा (४) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

३६. विधेयकको दफा ४९ मा रहेको “सेवा सुविधा” भन्ने शब्दहरुको सट्टा “योग्यता, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था” भन्ने शब्दहरु राख्ने ।